वैकल्पिक लगानी कोष नियमावली, २०८३ (मस्यौदा)

प्रस्तावना : धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई बोर्डले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "वैकल्पिक लगानी कोष नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "इकाई" भन्नाले कोष अन्तर्गत निष्काशन गरिने धितोपत्रको इकाई सम्झनु पर्छ।

(ख) "इकाईधनी" भन्नाले कोषको एक वा एक भन्दा बढी ईकाइमा स्वामित्व भई दर्ता किताबमा नाम उल्लेख भएको योग्य लगानीकर्ताहरु सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(घ) "कर्जा सूचना केन्द्र" भन्नाले प्रचलित कानून बमोजिम स्थापित कर्जा सूचना केन्द्र सम्झनु पर्छ।

(ङ) "कोष व्यवस्थापक" भन्नाले वैकल्पिक लगानी कोष व्यवस्थापन गर्ने उद्देश्य भएका नियम (...) बमोजिमको कोष व्यवस्थापक सम्झनु पर्छ।

(च) "दर्ता किताब" भन्नाले कोषको इकाईहरु वा इकाईधनीहरुको विस्तृत विवरण सहितको अभिलेख रहेको दर्ता किताब सम्झनु पर्छ।

(छ) "प्रतिबद्धता रकम" भन्नाले योग्य लगानीकर्ताले कोषमा लगानी गर्न प्रतिबद्धता दिएको कुल रकम सम्झनु पर्छ।

(ज) "बिक्री प्रस्ताव अर्थात् प्राइभेट प्लेसमेन्ट मेमोरेन्डम" भन्नाले कोषको इकाई बिक्रीका लागि तयार गरिएको बिक्री प्रस्ताव सम्झनु पर्छ।

(झ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(ञ) "लगानी योग्य रकम" भन्नाले कोषको प्रशासनिक र व्यवस्थापन खर्च घटाएर बाँकी भएको रकम सम्झनु पर्छ।

(ट) "लगानी सम्झौता" भन्नाले कोषको व्यवस्थापन र संचालनको विस्तृत प्रक्रियाको सम्बन्धमा कोषको विधानमा उल्लेख भए बमोजिम कोष, कोष व्यवस्थापक र लगानीकर्तामध्ये सम्बद्ध पक्षहरू बीच

भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले इकाई खरिद सम्झौता (सब्सक्रिप्सन एग्रिमेन्ट), लगानी व्यवस्थापन सम्झौता तथा अन्य सम्बन्धित कोषको लगानी बारेको सम्झौता समेतलाई जनाउँछ।

(ठ) "लगानी समिति" भन्नाले लगानी नीति अनुसार कोषको रकम लगानी गर्न विधानमा व्यवस्था भए बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ड) "विधान" भन्नाले कोष स्थापना र संचालन सम्बन्धमा गरिएको व्यवस्थाको दस्तावेजलाई सम्झनुपर्छ।

(ढ) "वैकल्पिक लगानी कोष" भन्नाले योग्य लगानीकर्ताबाट सीमित दायित्वको आधारमा सम्झौताबमोजिम लगानी रकम संकलन गरी कोष व्यवस्थापकमार्फत् स्वीकृत लगानी नीति तथा उद्देश्य अनुरूप लगानी व्यवस्थापन गर्ने र त्यस्तो लगानीबाट प्राप्त प्रतिफल सम्झौता बमोजिम वितरण गर्ने उद्देश्यले कम्पनी, ट्रष्ट, सीमित दायित्व सम्झौता (लिमिटेड लायबिलिटि पार्टनरशिप) वा बोर्डले स्वीकृत गरेको अन्य कानुनी संरचनामा स्थापना भई बोर्डमा दर्ता भएको प्राइभेट इक्विटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड वा यस्तै प्रकृतिका अन्य कोष सम्झनु पर्छ।

(ण) "स्वामित्व पूँजी सम्बन्धी उपकरणहरु" भन्नाले पूर्ण रुपमा वा आंशिक रुपमा परिवर्त्य वा विमोच्य अग्राधिकर शेयर (रिडिमेवल प्रिफरेन्स शेयर) अथवा परिवर्त्य प्रकृतिका धितोपत्र सम्झनु पर्छ।

(त) "हर्डल रेट" भन्नाले विधानमा उल्लेख भए बमोजिम कोषमा गरिने लगानीमा प्राप्त हुने अपेक्षित न्यूनतम प्रतिफलको वार्षिक दर सम्झनु पर्छ।

(थ) प्रथम प्रतिबद्धता प्राप्त मिति (First close) भन्नाले योग्य लगानीकर्ताहरूबाट नियम १८ को उपनियम (४) बमोजिम मापदण्ड पुरा हुने गरी लगानी प्रतिबद्धता प्राप्त गरेको पहिलो मिति सम्झनु पर्छ।

(द) अन्तिम प्रतिबद्धता प्राप्त मिति (Final Close) भन्नाले योग्य लगानीकर्ताहरूबाट कोषको विधानमा उल्लेख भए बमोजिमको रकमको प्रतिबद्धता प्राप्त भएको अन्तिम मिति सम्झनु पर्छ।

परिच्छेद-२

पूर्व स्वीकृति तथा अनुमति सम्बन्धी व्यवस्था

३. **बोर्डको पूर्व स्वीकृति लिनु पर्नेः** (१) कोष व्यवस्थापकको कार्य गर्न चाहनेले त्यस्तो संस्था संस्थापना गर्नु अघि बोर्डबाट पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पूर्व स्वीकृति प्राप्त गर्न अनुसुची (१) बमोजिमको ढाँचामा अनुसुची (२) बमोजिमको विवरण तथा कागजात र अनुसूचि (३) बमोजिमको निवेदन दस्तुर संलग्न गरी बोर्डसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ।

(४) बोर्डले पूर्व स्वीकृति प्रदान गर्नु अघि उपनियम (२) र (३) बमोजिम पेश गरेको विवरणमा कुनै परिवर्तन आएमा निवेदकले बोर्डलाई तुरुन्त जानकारी दिनु पर्नेछ।

(५) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उपयुक्त देखेमा बोर्डले पूर्व स्वीकृति प्रदान गर्नेछ।

४. **अनुमतिपत्रका लागि निवेदन दिनुपर्नेः** (१) नियम ३ बमोजिम कम्पनी संस्थापना गर्नका लागि पूर्व स्वीकृति प्राप्त गरेको भएमा प्रचलित कानून बमोजिम छ महिनाभित्र कम्पनी स्थापना गरी कोष व्यवस्थापकको कार्य गर्ने अनुमतिपत्रका लागि अनुसूचि (४) को ढाँचामा अनुसूचि (५) बमोजिमको विवरण तथा कागजात सहित बोर्डमा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम निवेदकले निवेदनसाथ पेश गरेको विवरण तथा कागजातको जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले निवेदकलाई अनुसूची (६) बमोजिमको पूर्वाधार तयार गर्न जानकारी गराउनेछ।

(४) उपनियम (३) बमोजिम जानकारी गराएपश्चात् निवेदकले सो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र पूर्वाधार तयार गरी बोर्डलाई जानकारी गराउनुपर्नेछ।

(५) उपनियम (४) बमोजिम जानकारी गराएपश्चात् बोर्डले निवेदक कम्पनीले तयार गरेको पूर्वाधारको स्थलगत निरीक्षण गर्नेछ।

(६) उपनियम (५) बमोजिम गरिएको स्थलगत निरीक्षणबाट निवेदकले कोष व्यवस्थापकको कार्य गर्न आवश्यक पूर्वाधार तयार गरिएको देखिएमा अनुसूचि (३) मा तोकिएको दस्तुर लिई एक महिनाभित्र अनुसूची (७) बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गर्नेछ।

(७) उपनियम (६) बमोजिम अनुमतिपत्र प्रदान गर्दा बोर्डले आवश्यक देखेमा शर्तहरू तोक्न सक्नेछ।

(८) कोष व्यवस्थापको अनुमति दिन अनुपयुक्त देखिएमा सो को कारणसहित त्यस्तो निर्णय भएको सात कार्य दिनभित्र सो को जानकारी निवेदकलाई दिनु पर्नेछ।

(९) यस नियमावली बमोजिम अनुमतिपत्र पाएको कोष व्यवस्थापकले एक वर्ष भित्र नियम १६ बमोजिमको कोष बोर्डमा दर्ता गरिसक्नु पर्नेछ। यसरी दर्ता नगर्ने कोष व्यवस्थापकको अनुमतिपत्र बोर्डले खारेज गर्न सक्नेछ।

५. **स्थापना भइसकेका कोष व्यवस्थापकले अनुमतिपत्र लिनुपर्नेः** (१) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ हुँदाका बखत कोष व्यवस्थापकको कार्य गर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भइसकेका कम्पनीहरूले छ महिनाभित्र यो नियमावलीको नियम (४) बमोजिम अनुमतिपत्र प्राप्त गर्न सक्नेछन्।

६. **वार्षिक शुल्कः** (१) कोष व्यवस्थापकले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अनुसूचि (३) बमोजिमको वार्षिक शुल्क बोर्डमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको वार्षिक शुल्क तोकिएको समयमा नबुझाएमा कोष व्यवस्थापकको अनुमतिपत्र बोर्डले निलम्बन गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिमको अवधिपश्चात् कोष व्यवस्थापकले वार्षिक दश प्रतिशत विलम्ब शुल्क सहित वार्षिक शुल्क बोर्डमा बुझाएमा उपनियम (२) बमोजिमको निलम्बन फुकुवा गर्न सक्नेछ।

७. **कोष व्यवस्थापकको काम तथा कर्तव्यः** (१) कोष व्यवस्थापकको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) आफू वा आफूसँग सम्बद्ध व्यक्तिले कुनै अनुचित लाभ नपाउने गरी इकाईधनीहरुको हितमा काम गर्ने,

(ख) कोषसँग सम्बन्धित सबै कारोबार स्वतन्त्र तरिकाले गर्ने,

(ग) लगानी गरिने संस्थामा कोष व्यवस्थापक, संचालक, कार्यकारी प्रमुख, कर्मचारी र लगानी समितिका सदस्यको कुनै किसिमको वित्तीय स्वार्थ नरहेको सुनिश्चित गर्ने,

तर कुनै किसिमको वित्तीय स्वार्थ भएमा सो को सम्पूर्ण जानकारी सहित इकाईधनीहरुको वार्षिक सभामा विशेष प्रस्तावद्वारा लगानी गर्ने प्रस्ताव पारित गरेको हुनु पर्नेछ। सो लगानी गर्ने निर्णय भएको सात दिनभित्र बोर्डलाई सोको जानकारी दिनु पर्ने,

(घ) इकाईधनीको ग्राहक परिचय विवरण तथा अन्य आवश्यक कागजातको सुनिश्चित गर्ने,

(ङ) इकाईधनीलाई लगानीमा सम्भावित जोखिम र प्रतिफलबारे जानकारी दिने,

(च) लगानी तथा कोष व्यवस्थापन सम्बन्धी कार्यविधि कोषको विधान तथा लगानी सम्झौतामा व्यवस्था गरी सोको पूर्ण कार्यान्वयन गर्ने गराउने,

(छ) आफ्ना संचालक तथा कर्मचारीहरुको लागि आचार संहिता बनाई लागू गर्ने,

(ज) इकाईधनीको हितमा लगानी भएको सुनिश्चित गर्ने,

(झ) लगानीसँग सम्बन्धित लेखा, प्रतिवेदन, कागजात तथा विवरणको अभिलेख राख्ने,

(ञ) कोष व्यवस्थापक तथा कोषको आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्रचलित लेखामान अनुसार कोषको वित्तीय विवरण तयार गर्ने,

(ट) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र ईकाइधनीहरुको वार्षिक सभा सम्पन्न गर्नु पर्ने,

(ठ) कोष व्यवस्थापकले विदेशी कोषको व्यवस्थापनको कार्य गर्न सक्ने।

परिच्छेद-३

कोष व्यवस्थापक, संचालक समिति तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

८. **कोष व्यवस्थापकको योग्यताः** (१) कोष व्यवस्थापकको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा संगठित संस्था,

(ख) प्रबन्धपत्र तथा नियमावलीमा कोष व्यवस्थापकको कार्य गर्ने उद्देश्य रहेको,

(ग) चुक्ता पूँजी कम्तीमा पाँच करोड रुपैयाँ भएको,

(२) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ भएका बखत बोर्डबाट कोष व्यवस्थापकको अनुमतिपत्र प्राप्त गरिसकेका कोष व्यवस्थापकले यो नियम प्रारम्भ भएका मितिले तीन वर्ष भित्र उपनियम (१) को खण्ड (ग) बमोजिमको पूँजी पूर्याउनुपर्नेछ।

९. **संचालक तथा कार्यकारी प्रमुखको नियुक्तिः** कोष व्यवस्थापकले यस नियमावली बमोजिम योग्यता पूरा भएको व्यक्तिलाई संचालक तथा कार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ।

१०. **संचालक समितिः** (१) कोष व्यवस्थापकमा कम्तीमा पाँच र बढीमा सातजना संचालकहरु रहेको एक संचालक समिति रहनेछ।

(२) संचालक समितिले नियम १२ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्ति मध्येबाट कम्तीमा एक जना स्वतन्त्र संचालक नियुक्ति गर्नुपर्ने छ। तर, कोष व्यवस्थापक प्राइभेट कम्पनी भएमा स्वतन्त्र संचालकको नियुक्ति अनिवार्य हुने छैन।

(३) उपनियम (१) बमोजिमको संचालक समितिले कोष व्यवस्थापक र कोषको समग्र सुशासन, जोखिम व्यवस्थापन, नियम परिपालना, आन्तरिक नियन्त्रण प्रणाली, स्वार्थको द्वन्द व्यवस्थापन, अभिलेख तथा लेखापरिक्षण, इकाईधनीको हित संरक्षणको सुनिश्चतताका लागि प्रणाली स्थापना गर्नुपर्नेछ।

११. **संचालकको योग्यताः** अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन, वाणिज्य कानून, इन्जिनियरिङ्ग, वातावरण वा कोषको लगानी क्षेत्रसँग सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट वा सो सरहको उपाधि हासिल गरेको र उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून, व्यवस्थापन, इन्जिनियरिङ्ग, वातावरण वा कोषको लगानी क्षेत्रसँग सम्बन्धित कार्यमा कम्तीमा पाँच वर्ष कार्य अनुभव भएको।

१२. **स्वतन्त्र संचालकको योग्यताः** स्वतन्त्र संचालकको योग्यता देहाय बमोजिमको हुनेछः

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन, वाणिज्य कानून, इन्जिनियरिङ्ग, वातावरण वा कोषको लगानी क्षेत्रसँग सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरेको वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट गरेको र पाँच वर्षको कार्य अनुभव भएको, वा

(ख) अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्त, लेखा, व्यवस्थापन, वाणिज्य कानून इन्जिनियरिङ्ग, वातावरण वा कोषको लगानी क्षेत्रसँग सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा वा सो सरहको उपाधि हासिल गरेको र उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा

वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन वा इन्जिनियरिङ्ग वा वातावरण वा कोषको लगानी क्षेत्रसँग सम्बन्धित कार्यमा कम्तीमा दश वर्ष कार्य अनुभव भएको।

(ग) कोष व्यवस्थापक कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व नरहेको।

१३. **<u>कार्यकारी प्रमुखको योग्यता:</u>** कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनेछः-

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन, वाणिज्य कानून, इन्जिनियरिङ्ग, वातावरण वा कोषको लगानी क्षेत्रसंग सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउण्टेन्सी वा चार्टर्ड फाइनान्सियल एनालिष्ट गरेको र उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन, वातावरण वा कोषको लगानी क्षेत्रसंग सम्बन्धित कार्यमा दश वर्षको कार्य अनुभव भएको, वा

(ख) अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन, वाणिज्य कानून, इन्जिनियरिङ्ग, वातावरण वा कोषको लगानी क्षेत्रसंग सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि हासिल गरेको र उद्योग, वाणिज्य, धितोपत्र बजार वा वित्तीय क्षेत्रमा लेखा वा वित्त वा वाणिज्य कानून वा व्यवस्थापन, वातावरण वा कोषको लगानी क्षेत्रसंग सम्बन्धित कार्यमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको।

१४. **<u>संचालक वा कार्यकारी प्रमुखको अयोग्यता:</u>** (१) देहाय बमोजिमको अवस्था कुनै पनि व्यक्ति संचालक वा कार्यकारी प्रमुख हुन सक्ने छैनः-

(क) दामासाहीमा परेको,

(ख) नेपालभित्र वा विदेशमा बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूची वा डिफल्टरमा परेको र सो कालोसूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ग) चोरी, ठगी, किर्ते, जालसाजी, भष्ट्राचार, नैतिक पतन देखिने कुनै पनि फौजदारी कसूर वा बैंकिङ्ग कसुर वा धितोपत्रसम्बन्धी कसुर गरेको अभियोगमा कसूरदार ठहर भएको वा कुनै नियामक निकायको कानून उल्लंघनमा कारवाही परेको वा कारबाहीमा परेको भए सजाय भुक्तान भएको तीन वर्ष अवधि व्यतित नभएको।

(घ) धितोपत्रको सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणबाट पूँजी संकलन गरी धितोपत्रको कारोवारका लागि आवश्यक व्यवस्था नगरेका, बोर्डको सम्पर्कमा नआएका कोष व्यवस्थापक (भ्यानिसिङ्ग कम्पनी), सूचीकरण खारेजीको कारवाहीमा परेका वा बोर्डलाई कोष व्यवस्थापकको संचालन सम्बन्धमा प्रचलित कानून बमोजिम दिनुपर्ने सूचना, जानकारी वा विवरण नदिई बसेका भनी बोर्डको अभिलेखमा रहेका कोष व्यवस्थापक वा त्यस्तो कोष व्यवस्थापकको कार्यकारी प्रमुख वा संचालकको संलग्नता नरहेको,

(२) कुनै एक कोष व्यवस्थापक संस्थामा पाँच प्रतिशत भन्दा बढी शेयर भएको शेयरधनी वा संचालक वा कर्मचारी अर्को कोष व्यवस्थापकको संचालक, कार्यकारी प्रमुख वा निर्णायक तहमा रहने छैन।

१५. **योग्यताको निरन्तरता:** कोष व्यवस्थापक, संचालक, स्वतन्त्र संचालक र कार्यकारी प्रमुखले यस नियमावली बमोजिमको योग्यता निरन्तर कायम गर्नुपर्नेछ।

परिच्छेद-४

कोष दर्ता तथा संचालन

१६. **कोषको दर्ता:** (१) यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त कोष व्यवस्थापकले कोष संचालन गर्न त्यस्तो कोष बोर्डमा दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कोष दर्ताको लागि कोष व्यवस्थापकले अनुसूची-३ बमोजिमको दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन तथा अनुसूची-९ बमोजिमको विवरण तथा कागजात र बोर्डमा पेश गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ।

(४) बोर्डले स्वीकृति प्रदान गर्नु अघि उपनियम (२) वा (३) बमोजिम पेश गरेको विवरणमा कुनै परिवर्तन आएमा निवेदकले बोर्डलाई तुरुन्त जानकारी दिनु पर्नेछ।

(५) उपनियम (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा कोष दर्ता गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित निवेदकलाई कोष दर्ता तथा निष्काशनको अनुमतिपत्र प्रदान गर्नेछ।

१७. **कोषको संरचना र वर्गिकरण:** (१) नियम १६ बमोजिम स्थापना हुने कोषलाई कम्पनी वा ट्रष्ट वा सीमित दायित्व साझेदारी (लिमिटेड लायबिलिटि पार्टनरशिप) वा बोर्डले तोकेको संरचनामा दर्ता गर्न सकिनेछ।

(२) कम्पनी वा ट्रष्ट वा लिमिटेड लायबिलिटि पार्टनरशिपको संरचनामा कोष दर्ता सम्बन्धी अन्य व्यवस्था बोर्डले तोके बमोजिम हुनेछ।

(३) नियम १६ बमोजिम कोष दर्ता गर्दा देहाय बमोजिमको कुनै वर्गमा रहने गरी कोष दर्ता गर्नु पर्नेछः-

(क) श्रेणी १

(ख) श्रेणी २

(ग) श्रेणी ३

स्पष्टिकरण: यस नियमावलीको प्रयोजनका लागिः-

(क) श्रेणी १: धितोपत्र सूचीकरण नभएका, संचालनको शुरुवाती क्रममा रहेका वा संचालनको प्रक्रिया अगाडि बढिसकेका वा संचालनमा रहेका नवीनतम ज्ञान, सीप र क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसंग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई संचालन गर्न, सामाजिक उद्यमहरू, साना तथा मझौला व्यवसाय, पूर्वाधार परियोजना वा अन्य क्षेत्रमा लगानी गर्ने फण्डहरूलाई यस श्रेणीमा समावेश गरिन्छ। यसमा भेन्चर क्यापिटल फण्ड, एन्जल फण्ड, एसएमई फण्ड, सामाजिक प्रभाव फण्ड, पूर्वाधार फण्ड, तथा नेपालको सामाजिक तथा आर्थिक क्षेत्रमा वाञ्छनिय प्रभाव पार्न सक्ने गरी बोर्डले तोक्ने अन्य कोषहरू पर्नेछ। यस्ता कोषहरू नेपाल सरकार तथा नियामक निकायले दिन सक्ने सहुलियत, छुट तथा सुविधाका लागि योग्य हुनेछन्। यस्तो कोषले ऋण लिएर लगानी गर्न पाउने छैन। तर बढीमा एक महिना र वर्षमा चार पटकसम्मका लागि ऋण लिएर अल्पकालिन श्रोत व्यवस्थापन गर्न बाधा पुग्ने छैन।

(ख) श्रेणी २: यस श्रेणी अन्तर्गत प्राइभेट इक्विटी फण्ड, डेब्ट फण्ड, विशेष परिस्थिति फण्ड, कोषको कोष र बोर्डले तोक्ने अन्य कोषहरू पर्नेछ। यस्तो कोषले ऋण लिएर लगानी गर्न पाउने छैन। तर बढीमा एक महिना र वर्षमा चार पटकसम्मका लागि ऋण लिएर अल्पकालिन श्रोत व्यवस्थापन गर्न बाधा पुग्ने छैन।

(ग) श्रेणी ३: यस श्रेणीमा लगानीको उच्च जोखिम रहेको जुनसुकै क्षेत्रमा लगानी गर्न सक्ने गरी स्थापना भएको हेज फण्ड पर्नेछ। यस्तो कोषलाई ऋण लिन बाधा पुग्ने छैन।

१८. **<u>कोषको इकाई निष्काशनः</u>** (१) नियम १६ बमोजिम दर्ता भए पश्चात कोषले इकाई बिक्री गर्नका लागि लक्षित लगानीकर्ता पहिचान गरी अनुसूची-११ बमोजिमको ढाँचामा तयार गरिएको बिक्री प्रस्ताव परिपत्र विधि वा व्यक्तिगत सम्पर्कको माध्यमबाट सो बिक्री प्रस्ताव लक्षित लगानीकर्तालाई बुझाउनु पर्नेछ।

(२) लगानीकर्ताले कोषमा लगानी गर्न लिखित रूपमा पूँजी प्रतिवद्धता गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम गरेको प्रतिवद्धता अनुसारको रकम कोषको लगानी नीति बमोजिम आवश्यकता अनुसार कोष व्यवस्थापकले पूँजी आव्हान गरी प्राप्त गर्न सक्नेछ।

(४) कोष व्यवस्थापकले बोर्डमा कोष दर्ता भएको मितिले बाह्र महिनाभित्र प्रथम प्रतिबद्धता मिति (First Close) र चौबिस महिनाभित्र अन्तिम प्रतिबद्धता मिति (Final Close) हासिल गरिसक्नु पर्नेछ। तर, चौबिस महिना भित्र कोषको लक्षित रकमको कम्तीमा दुई-तिहाइ प्रतिबद्धता प्राप्त भइसकेको अवस्थामा विधानमा व्यवस्था गरिएको प्रक्रिया पुरा गरी अन्तिम प्रतिबद्धता मिति हासिल गर्ने अवधी बढीमा छ महिनाका लागि थप गर्न सकिनेछ। अन्तिम प्रतिबद्धता मिति परिवर्तन भएको जानकारी बोर्डमा तुरून्त गराउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको प्रथम प्रतिवद्धता मितिमा कोष व्यवस्थापकले तोकेको सीमाभित्र लगानी प्रतिवद्धता प्राप्त भएमा उक्त मिति पश्चात् कोष व्यवस्थापकले पूँजी आव्हान गरी लगानी शुरू गर्न

सक्नेछ। र अन्तिम प्रतिवद्धता मितिसम्म कुल स्वीकृत कोषको आकार अनुरूप लगानी प्रतिवद्धता प्राप्त गरी पूँजी आव्हान गर्न सक्नेछ।

(६) अन्तिम प्रतिबद्धता मिति (Final Close) सम्ममा लगानीकर्ताहरूले बुझाएको कुल प्रतिबद्धता नै उक्त कोषको आकार मानिनेछ।

(७) कोष व्यवस्थापकले कोषमा लगानी गर्न प्रतिबद्धता बुझाएका लगानीकर्ताहरूसँग पूँजी आव्हान गर्दा कम्तीमा पनि दुई हप्ता अगावै लिखित रुपमा जानकारी गराई योग्य लगानीकर्तालाई रकम तिर्न उचित समयको व्यवस्था गर्नु पर्नेछ।

(८) उपनियम (३) बमोजिम पूँजी आव्हान गर्दा माग गरिएको रकम, रकम उपलब्ध गराउने अन्तिम मिति, रकमको प्रयोजन, कोषको बैंक खाता र प्रतिबद्धता गरेको रकम उपलब्ध नगराएमा लागू हुने अवस्था लगायतका विषयहरू विधानमा उल्लेख गर्नुपर्नेछ।

(९) कोषले निष्काशन गरेको इकाईको बाँडफाँड कोषको विधानमा तोकिए बमोजिम हुनेछ।

१९. **<u>लगानीकर्ताको उपयुक्तता परिक्षणः</u>** (१) कोष व्यवस्थापककले लगानी प्रतिबद्धता लिनु अगाडि सम्भावित लगानीकर्ताको पहिचान, आर्थिक क्षमता, जोखिम वहन क्षमता, लगानीसम्बन्धी ज्ञान वा अनुभव, रकमको स्रोत, वास्तविक लाभग्राही स्वामित्वको आधारमा विवरण संकलन गरी लगानीकर्ताको उपयुक्तता परिक्षण गर्नुपर्नेछ।

(२) बोर्डले कोषको प्रकृति अनुसार लगानीकर्ताको वर्गिकरण गर्न सक्नेछ।

२०. **<u>कोषको इकाईको सूचिकरण तथा कारोबारः</u>** (१) कोषले बाँडफाँड गरेको इकाईको दोस्रो बजार कारोबारका लागि धितोपत्र बजारमा सूचिकरण गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम सूचिकरण गरिने इकाईको अभौतिकिकीकरण गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सूचिकरण भएको इकाई कारोबार गर्दा रू. ५० लाख भन्दा कम नहुने गरी कारोबार गर्न सकिनेछ।

(४) उपनियम (१) बमोजिमको इकाई कारोबार गर्दा यस नियमावलीमा तोकिएबमोजिमको योग्य लगानीकर्ताबिच मात्र हुनेछ।

(५) कोषको इकाईको सुचिकरण, अभौतिकीकरण, र कारोबारसम्बन्धी व्यवस्था धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

२१. **<u>कोषको विधानमा उल्लेख हुनुपर्ने न्यूनतम व्यवस्थाः</u>** कोषको विधानमा देहाय बमोजिमको न्यूनतम व्यवस्था उल्लेख गरेको हुनु पर्नेछः

(क) कोषको नाम,

(ख) कोषको संरचना (कम्पनी, ट्रष्ट, सीमित दायित्व साझेदारी वा अन्य)

(ग) कोषको श्रेणी र प्रकार

(घ) कोषको आकार र समायावधि,

(ङ) प्रथम प्रतिबद्धता प्राप्त मिति (First close) र अन्तिम प्रतिबद्धता प्राप्त मिति (Final Close) सम्बन्धी विवरण,

(च) कोषमा लगानी गर्न प्रतिबद्धता बुझाएको लगानीकर्ताहरूसंग कोषले रकम संकलन गर्ने तथा इकाई निष्काशन एवं बाँडफाँड गर्ने प्रकृया सम्बन्धी विवरण,

(छ) कोषको इकाई धितोपत्र बजारमा सूचिकरण, कारोबार तथा अभौतिकीकरणसम्बन्धी व्यवस्था,

(ज) कोषको प्रवर्द्धन गर्न कोषको प्रस्तावित आकारको कम्तीमा दश प्रतिशत रकम लगानी गर्न प्रतिबद्धता गरेका लगानीकर्ताको विवरण,

(झ) लगानी समिति तथा इकाईधनीको समिति (लिमिटेड पार्टनर एड्भाइजरी कमिटि, एलप्याक)

(ञ) कोष सञ्चालन, अभिलेख तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था,

(ट) कोषको लगानीको उपकरण (ऋणको स्वरुप भएको उपकरणमा लगानी गर्ने भए सो सम्बन्धी लगानीको प्रतिशत लगायतका विवरण), लक्षित क्षेत्र, लगानीको अवधि, लगानीको सीमा तथा लगानी प्रकृया सम्बन्धी विवरण,

(ठ) लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल सम्बन्धी व्यवस्था,

(ड) मुल्यांकन विधी

(ढ) बहिर्गमन विधि

(ण) लगानी फिर्ता हुने प्रकृया सम्बन्धी व्यवस्था,

(त) विवाद समाधान कार्यविधि सम्बन्धी व्यवस्था,

(थ) हर्डल रेट र कोषले हर्डल रेट सीमा भन्दा बढी नाफा आर्जन गर्न सफल भएमा कोष व्यवस्थापकले प्राप्त गर्ने प्रोत्साहन रकम सम्बन्धी व्यवस्था,

(द) कोष व्यवस्थापन शुल्क सम्बन्धी व्यवस्था,

(ध) कोषको लगानीको सम्बन्धमा उत्पन्न हुन सक्ने कुनै पनि स्वार्थको सम्बन्धमा लिने निर्णय सम्बन्धी स्पष्ट व्यवस्था,

(न) कोष खारेजी सम्बन्धी व्यवस्था,

(ऩ) कोष व्यवस्थापकको परिवर्तन सम्बन्धी व्यवस्था,

(प) बोर्डले समय समयमा तोकेका अन्य विवरण।

२२. **<u>कोष दर्ताको न्यूनतम मापदण्डः</u>** कोष दर्ताका लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः

(क) कोषको रकम कम्तीमा पन्ध्र करोड रुपैयाँ भएको,

(ख) कोष व्यवस्थापकले कोषमा न्यूनतम दुई प्रतिशत हिस्सा लिएको र सो न्यूनतम हिस्सा निरन्तर कायम राख्ने व्यवस्था भएको,

तर द्विपक्षीय वा बहुपक्षीय अन्तराष्ट्रिय संस्थाले लगानी गरेको कोषको हकमा यो व्यवस्था लागु हुने छैन,

(ग) इकाईधनीको संख्या दुईसय भन्दा बढी नहुने व्यवस्था भएको,

(घ) कोष बन्दमुखि (क्लोज्ड इन्डेड) प्रकृतिको भएको,

(ङ) इकाईधनीहरुलाई प्रतिफल स्वरुप नगद लाभांश मात्र दिने व्यवस्था भएको,

(च) इकाईधनीले कम्तीमा पचास लाख रुपैयाँको इकाई खरिद गर्ने व्यवस्था भएको, तर भेन्चर क्यापिटल, एसएमइ फण्ड, सामाजिक प्रभाव फण्ड तथा एन्जल फण्डको हकमा इकाइधनीले कम्तिमा पच्चिस लाख रूपैयाँको इकाइ खरिद गर्ने व्यवस्था भएको,

(छ) कोष व्यवस्थापक कम्पनीका कर्मचारीहरूको हकमा विधानमा तोकिए बमोजिम न्यूनतम इकाइ खरिद गर्ने व्यवस्था भएको,

२३. **<u>कोष दर्ता अस्वीकार गर्न सकिने:</u>** (१) देहायको अवस्थामा बोर्डले कोष दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(क) नियम (१६) बमोजिम दर्ता प्रक्रिया पूरा नभएमा,

(ख) नियम (२१) बमोजिम विधानमा उल्लेख हुनुपर्ने न्यूनतम कुरा नभएमा,

(ग) नियम (२२) बमोजिम न्यूनतम मापदण्ड पूरा नभएको,

(घ) धितोपत्र बजारको अवस्था, सम्भाव्यता र लगानीकर्ताको हित संरक्षणको दृष्टिकोणले कोष संचालन हुन सक्ने अवस्था नभएमा।

(२) उपनियम (१) बमोजिम दर्ता अस्वीकार गर्दा सो को कारण र आधार स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

२४. **<u>इकाईधनीको दायित्व तथा अधिकार:</u>** (१) कोषले निष्काशन गरेको इकाई खरिद गर्ने इकाईधनीको दायित्व निजले खरिद गरेको इकाई सम्म मात्र सीमित हुनेछ।

(२) इकाईधनीले कोषमा लगानी गरेको इकाईको अनुपातको आधारमा इकाईधनीको सभामा मतदान गर्ने, लगानीबाट आर्जित नाफा तथा लगानी फिर्ता पाउने अधिकार हुनेछ।

(३) इकाईधनीलाई यस नियमावली, कोषको विधान र लगानी सम्झौतामा व्यवस्था भए बमोजिम कोषको कार्य सम्पादन, मूल्यांकन, पोर्टफोलियो, कोषको शूल्क तथा खर्च, स्वार्थको द्वन्द, लगानीबाट बाहिरिने सम्बन्धी जानकारी (एक्जिट) प्राप्त गर्ने अधिकार हुनेछ।

२५. **<u>कोषको समयावधि:</u>** (१) कोषको समयावधी पाँचदेखि पन्ध्रवर्षसम्म हुनेछ र सो कोषको समयावधीको सम्बन्धमा कोष विधानमा समेत उल्लेख भएको हुनु पर्नेछ।

(२) कोषको समयावधी प्रथम प्रतिबद्धता प्राप्त मिति (First close) पश्चातमात्र सुरु हुनेछ।

(३) कोषको कुल पूँजीको कम्तीमा पचहत्तर प्रतिशत रकमलाई प्रतिनिधित्व गर्ने इकाईधनीहरुको सभाबाट विशेष प्रस्तावद्वारा कोषको समयावधी थप गर्ने प्रस्ताव पारित गरेमा कोष व्यवस्थापकले कोषको समयावधी थप गर्न सक्नेछ। यसरी थप गरिएको समय उपनियम (१) मा तोकिएभन्दा बढी हुने छैन।

(४) उपनियम (३) बमोजिम समय थप गरेमा बोर्डलाई तत्काल जानकारी गराउनुपर्नेछ।

(५) कोषको समयावधि थप गर्दा इकाईधनीको अधिकार, लगानी बहिर्गमन योजना (एक्जिट प्लान) र सम्पत्ति व्यवस्थापन सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्नेछ।

२६. **कोषको समाप्ति :** (१) देहायको अवस्थामा कोषको समाप्ति हुनेछ :

(क) बोर्डले कोष संचालनका लागि दिएको समयावधि समाप्त भएमा,

(ख) बोर्डले कोष संचालन गर्न दिएको स्वीकृति रद्द गरेमा,

(ग) कुनै असामान्य परिस्थिति वा आर्थिक संकट उत्पन्न भइ कोष संचालन गर्न नसकिने कुरामा बोर्ड विश्वस्त भई कोष समाप्त गर्न निर्देशन दिएमा,

(२) कोष व्यवस्थापकले अवधि समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अगावै इकाईधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ।

(३) कोषको कुल पूँजीको कम्तीमा पचहत्तर प्रतिशत रकम र पचास प्रतिशत इकाईधनीको प्रतिनिधित्व भएको इकाईधनीहरुको वार्षिक सभाबाट विशेष प्रस्तावद्वारा कोष समाप्ति गर्ने प्रस्ताव पारित गरेमा कोष व्यवस्थापकले कोषको समाप्ति गर्न सक्नेछ।

(४) कोषको समाप्ति पछि कोष व्यवस्थापकले कोषको सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाईधनीको हितलाई ध्यानमा राखी फिर्ता गर्नुपर्ने व्यवस्था लगानी सम्झौतामा उल्लेख भए बमोजिम गर्नु पर्नेछ। सो कोषको दायित्व फरफारक गरी इकाईधनीलाई रकम फिर्ता गरेको जानकारी सो कार्य भएको मितिले तीन दिनभित्र बोर्डलाई दिई सक्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम सम्पत्ति नगदमा परिणत गर्न नसकिने अवस्था श्रृजना भएमा कोषको कुल पूँजीको कम्तीमा पचहत्तर प्रतिशत रकम प्रतिनिधित्व भएको इकाईधनीको सभाबाट विशेष प्रस्तावद्वारा प्रस्ताव पारित गरेमा कोषको दायित्व फरफारक गरी बाँकी रहेको सम्पत्ति इकाईधनीलाई लगानी रकमको हिसाबले समानुपातिक रूपमा दिन सकिनेछ। र सो को जानकारी सो कार्य भएको मितिले तीन दिनभित्र बोर्डलाई दिई सक्नु पर्नेछ।

२७. **कोष व्यवस्थापक परिवर्तनः** (१) कोष व्यवस्थापकले इकाईधनीको हित विपरित, धितोपत्रसम्बन्धी प्रचलित कानुनको गम्भिर उल्लंघन गरेको देखिएको उक्त कोष व्यवस्थापकको संचालनमा रहेको कोषको कोष व्यवस्थापक बोर्डले परिवर्तन गर्न सक्नेछ।

(२) कोष व्यवस्थापकले लगानी सम्झौता विपरित इकाईधनीको हित विपरित गतिविधि गरेमा कोषको कुल आकारको पच्चहतर प्रतिशत प्रतिनिधित्व गर्ने इकाईधनीले बोर्डमा कोष व्यवस्थापक परिवर्तनको निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा बोर्डले कोषको लगानी सम्झौता बमोजिम कोष व्यवस्थापक परिवर्तनको अनुमति प्रदान गर्न सक्नेछ।

(४) कोष व्यवस्थापक परिवर्तन गर्दा कोष वा कोष व्यवस्थापकले वहन गर्नुपर्ने दायित्व तथा कोष व्यवस्थापकले कोषमा गरेको लगानीका सम्बन्धमा कोषको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

२८. **शुल्क तथा खर्च सम्बन्धी व्यवस्था:** (१) कोष व्यवस्थापकले कोषको व्यवस्थापनको लागि लगानी सम्झौतामा उल्लेख भएबमोजिम कोष व्यवस्थापन शुल्क लिन सक्नेछ।

(२) कोष व्यवस्थापकले विधानमा उल्लेख भए बमोजिमको हर्डल रेट सीमा भन्दा बढी नाफा आर्जन गर्न सफल भएमा विधानमा उल्लेख भएबमोजिम निश्चित प्रतिशत प्रोत्साहन रकम लिन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको शुल्क लिँदा विधानमा व्यवस्था भएबमोजिम त्रैमासिक अवधिमा वा आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र लिनु पर्नेछ।

(४) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्षमा यस नियमावली बमोजिम प्राप्त गरेको शुल्कको दुई प्रतिशतले हुने रकम त्यस्तो शुल्क लिएको दुई महिनाभित्र बोर्डमा बुझाउनु पर्नेछ।

तर समयमा शुल्क नबुझाएमा सो शुल्कमा बार्षिक रुपमा दश प्रतिशतले हुने रकम दैनिक रुपमा गणना गरी थप रकम समेत बुझाउनु पर्नेछ।

(५) कोष संचालनका क्रममा हुने सम्पूर्ण खर्चहरूको बारेमा इकाईधनीलाई जानकारी दिनुपर्नेछ।

परिच्छेद-५

विदेशी कोष व्यवस्थापकको अनुमति र कोषको दर्ता

२९. **कोष व्यवस्थापनको कार्य गर्ने सक्ने:** (१) संस्थागत विदेशी लगानीकर्ता वा विदेशमा दर्ता भएको कोष वा कोष व्यवस्थापकले कुनै उद्योगमा स्वपूँजी (इक्विटी) लगानी गर्ने प्रयोजनका लागि प्रचलित नेपाल कानूनको अधिनमा रही त्यस्तो कोष वा कोष व्यवस्थापकले सहायक कम्पनी स्थापना गरी कोष व्यवस्थापनको कार्य गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कोष व्यवस्थापकले नेपालमा सहायक कम्पनी स्थापना गरी कोष व्यवस्थापनको कार्य गर्न यस नियमावली बमोजिम बोर्डबाट अनुमति लिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कोष व्यवस्थापकले बोर्डबाट अनुमति प्राप्त स्थानीय कोष व्यवस्थापक मार्फत आफ्नो कोष परिचालन गर्न यस नियमावली बमोजिम बोर्डबाट अनुमति लिनु पर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम अनुमति लिन चाहनेले आफैं वा बोर्डबाट अनुमति प्राप्त मर्चेन्ट बैंकरमार्फत् बोर्डमा आवेदन दिनु पर्नेछ।

३०. **<u>विदेशमा दर्ता भएको कोषको दर्ता सम्बन्धी व्यवस्थाः</u>** (१) विदेशमा दर्ता भएको कोषले यस नियमवालीमा तोकिए बमोजिमको कोष नेपालमा दर्ता गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नेपालमा कोष दर्ता गर्न अनुसूची (८) को ढाँचामा अनुसूची (३) बमोजिमको शुल्क सहित आफैं वा बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरमार्फत् बोर्डमा निवेदन दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदनका साथ निवेदकले देहाय बमोजिमको विवरण तथा कागजात सलग्न गर्नु पर्नेछः

(क) सम्बन्धित देशको कानून बमोजिम कोष दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(ख) सम्बन्धित देशको कानून बमोजिमको कोषको विधानको प्रमाणित प्रतिलिपी र सोको प्रमाणित नेपाली अनुवाद,

(ग) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कोष दर्ता तथा निष्काशन सम्बन्धमा विदेशी कम्पनीको सञ्चालक समितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपी र सोको प्रमाणित नेपाली अनुवाद,

(ङ) बोर्डबाट अनुमतिपत्र प्राप्त कोष व्यवस्थापकसँग गरिएको सम्झौतापत्रको प्रमाणित प्रतिलिपी,

(च) विदेशवाट भित्र्याइने रकम,

(छ) बोर्डले समय समयमा तोकेका अन्य विवरणहरु।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी कोष दर्ता गर्न उपयुक्त देखिएमा बोर्डले कोष दर्ता गरी अनुसूची (१०) बमोजिमको ढाँचामा कोष दर्ता प्रमाणपत्र प्रदान गर्नेछ।

३१. **<u>वैकल्पिक लगानी कोषका इकाई खरिद गर्न सक्नेः</u>** (१) विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपूँजी लगानी (इक्विटी) गर्ने प्रयोजनका लागि बोर्डले स्वीकृति दिएको पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड) वा बोर्डमा दर्ता भएको वैकल्पिक लगानी कोषको इकाई खरिद गरी विदेशी लगानी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम इकाई खरिद गर्न चाहने विदेशी लगानीकर्ताले अनुसूचि (१२) बमोजिमको कागजात तथा विवरणसहित सम्बन्धित कोष व्यवस्थापक समक्ष इकाई खरिदका लागि निवेदन दिनुपर्नेछ।

(३) सम्बन्धित कोष व्यवस्थापकले उपनियम (२) बमोजिमको कागजात तथा विवरणको जाँचबुझ गरी उपयुक्त देखिएमा उक्त विदेशी लगानीकर्ताको आवेदन स्वीकार गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको विदेशी लगानी स्वीकृति तथा लेखाङ्कनका लागि कोष व्यवस्थापकले अनुसूचि-१२ को कागजात तथा विवरण समेत संलग्न गरी अनुसूचि-१३ को ढाँचामा बोर्डमा निवेदन दिनुपर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त निवेदन र कागजात जाँचुबझ गर्दा नियमपूर्वक लगानी प्राप्त भएको देखिएमा बोर्डले विदेशी लगानी स्वीकृत गरी कोष व्यवस्थापकलाई अनुसूचि-१४ को ढाँचामा विदेशी लगानी लेखाङ्कनको प्रमाणपत्र प्रदान गर्नेछ।

(६) उपनियम (५) बमोजिम बोर्डबाट विदेशी लगानी लेखाङ्कनको प्रमाणपत्र प्राप्त गरेपश्चात् मात्र कोष व्यवस्थापकले त्यस्तो लगानीकर्तालाई कोषको इकाई जारी गर्न सक्नेछ।

३२. **धितोपत्र सम्बन्धी कारोबार गर्न सक्नेः** (१) यस नियमावली बमोजिम भेन्चर क्यापिटल फण्ड खडा गर्ने विदेशी लगानीकर्ताले प्रचलित कानुन बमोजिम आफूले लगानी गरेको उद्योगको धितोपत्रको दोस्रो बजारमार्फत् कारोबार गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कारोबार गर्न विदेशी लगानीकर्ताले बोर्डले व्यवस्था गरेको विधी र प्रक्रिया बमोजिम बोर्डमा निवेदन दिई दर्ता हुनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम कारोबार धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

३३. **शर्त तोक्न सक्नेः** (१) विदेशी कोष व्यवस्थापकको अनुमति वा विदेशी कोष दर्ता गर्दा बोर्डले आवश्यक शर्तहरू तोक्न सक्नेछ। यस्तो शर्तको पालना गर्नु सम्बन्धितको कर्तव्य हुनेछ।

(२) उपनियम (१) बमोजिमको शर्त पालना नभएको देखिएमा बोर्डले अनुमति रद्द गर्न सक्नेछ। यसरी रद्द गर्नु अगाडि बोर्डले स्पष्टीकरणको उचित समय दिन सक्नेछ।

(३) यस नियमावलीको व्यवस्था बमोजिम अनुमति पाएका विदेशी लगानीकर्ताले नेपालको विदेशी लगानीसम्बन्धी प्रचलित कानून परिपालना गर्नु कर्तव्य हुनेछ।

३४. **विदेशी लगानीकर्ताको लगानी वा मुनाफा रकम फिर्ताः** (१) विदेशी लगानीकर्ताले कोषको इकाई विक्री गरी प्राप्त रकम तथा कोषको इकाईबाट आर्जित मुनाफा वा लाभांशको रकम फिर्ता लैजानका लागि कोष व्यवस्थापकले अनुसूचि-१५ को ढाँचामा देहाय बमोजिमका कागजातहरु संलग्न गरि बोर्ड समक्ष निवेदन दिनु पर्नेछ।

(क) विदेशी लगानी वा प्राप्त मुनाफा रकम फिर्ता लैजान सहजीकरण गर्ने सम्बन्धी कोष व्यवस्थापकको संचालक समितिको निर्णयको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम लाग्ने कर दाखिला भइसकेको प्रमाण वा कर चुक्ता गरेको प्रमाणको प्रतिलिपि,

(ग) नियम ३१ बमोजिम प्राप्त विदेशी लगानी लेखाङ्कन प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातहरू जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले कागजात प्राप्त भएको मितिले सात दिन भित्र रकम फिर्ता लैजाने स्वीकृति प्रदान गरी सोको सिफारिस पत्र कोष व्यवस्थापकलाई दिनुपर्नेछ।

परिच्छेद-६

लगानी सम्बन्धी व्यवस्था

३५. **<u>योग्य लगानीकर्ता:</u>** (१) लगानीको जोखिम तथा प्रतिफलको विश्लेषण गरी कोषको स्वपूँजीमा देहाय बमोजिमका संस्था वा व्यक्तिले लगानी गर्न सक्नेछन्।

(क) बैंक तथा वित्तीय संस्था,

(ख) बीमा कम्पनी,

(ग) अवकाश कोष, कल्याणकारी कोष, संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता प्रचलित कानून बमोजिम मान्यता प्राप्त कोष,

(घ) द्विपक्षीय वा बहुपक्षीय अन्तराष्ट्रिय संस्थागत लगानीकर्ता वा विदेशी व्यक्ति वा विदेशी फर्म, कम्पनी वा विदेशी संस्थागत लगानीकर्ता वा विदेशमा दर्ता भएको कोष वा विदेशी कोष व्यवस्थापक वा अन्य यस्तै प्रकारको संगठित संस्था,

(ङ) लगानी गर्न सक्ने उद्देश्य भएका प्रचलित कानून बमोजिम नेपालमा स्थापना भएका संस्था,

(च) नेपाली नागरिक तथा गैर आवासीय नेपाली,

(छ) बोर्डले समय समयमा तोकिदिएका अन्य निकाय वा व्यक्ति।

(२) बोर्डले योग्य लगानीकर्ताको वर्गिकरण गर्न सक्नेछ।

३६. **<u>लगानी सम्झौता गर्नुपर्ने:</u>** (१) कोषको व्यवस्थापन तथा संचालनका लागि कोषको विधानमा उल्लेख भएबमोजिम सम्बद्ध पक्षबिच लगानी सम्झौता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमगरिने कोष व्यवस्थापक तथा योग्य लगानीकर्ताबीच हुने लगानी सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ:

(क) लगानी गरिने रकम र समयावधि,

(ख) लगानीमा प्राप्त हुने प्रक्षेपित प्रतिफल,

(ग) लगानी फिर्ता हुने प्रकृया,

(घ) विवाद समाधान प्रकृया,

(ङ) हर्डल रेटको व्यवस्था,

(च) कोष व्यवस्थापन शुल्क सम्बन्धी विवरण,

(छ) कोषको हुने खर्चहरुको शीर्षक

(ज) कोष निष्काशनको चरणबद्ध संङ्कलन गर्ने प्रावधान सम्बन्धी व्यवस्था

(झ) प्रथम र अन्तिम प्रतिबद्धता मिति, लगानी अवधी र वहिर्गमन अवधि

(ञ) कोषको समाप्ति पछि सबै प्रकारको सम्पत्तिलाई नगदमा परिणत गरी कोषको दायित्व फरफारक गरी बाँकी रकम इकाईधनीलाई फिर्ता गर्नुपर्ने व्यवस्था। नगदमा रूपान्तरण गर्न नसक्ने अवस्था श्रृजना भएमा बाँकी सम्पत्ति फिर्ता गर्ने सम्बन्धी व्यवस्था,

(ट) बोर्डले समय समयमा तोकेको अन्य विषयहरू।

३७. **लगानी समितिः** (१) कोष व्यवस्थापकले योग्य र अनुभवी व्यक्तिहरू सदस्य हुने गरी प्रत्येक कोषका लागि छुट्टाछुट्टै लगानी समिति गठन गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी विवरण विधान र लगानी सम्झौतामा समावेश गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम गठन हुने लगानी समिति सम्बन्धमा बोर्डले आवश्यक व्यवस्था तथा निर्देशन दिन सक्नेछ।

३८. **लगानी सम्बन्धी व्यवस्थाः** (१) कोष व्यवस्थापकले कोषको रकम नेपाल सरकारको प्रचलित कानून बमोजिम लगानी गर्न निषेध गरिएको क्षेत्रहरुमा बाहेक लगानी सम्झौतामा उल्लेख भए बमोजिमको कम्पनी वा व्यवसायमा लगानी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम लगानी गरिने क्षेत्रका सम्बन्धमा बिक्री प्रस्तावमा उल्लेख गरेको हुनु पर्नेछ।

(३) कोष व्यवस्थापकले योग्य लगानीकर्ताका लागि परिपत्र विधिबाट इकाई बिक्री गर्नका लागि अनुसूची-८ बमोजिमको ढाँचामा बिक्री प्रस्ताव (प्राइभेट प्लेसमेन्ट मेमोरेन्डम) तयार गर्नु पर्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै निश्चित क्षेत्रमा मात्र लगानी गर्ने गरी स्थापना भएको कोषले सोही क्षेत्रमा मात्र लगानी गर्नु पर्नेछ।

(५) लगानी अवधि समाप्त भएपश्चात् नयाँ लगानी गर्न पाइने छैन।

तर विद्यमान लगानी संरक्षण गर्न, पुर्नसंरचना गर्न वा लगानीकर्ताको हितमा आवश्यक देखिएमा कोषको कुल पूँजीको कम्तीमा पचहत्तर प्रतिशत रकम प्रतिनिधित्व भएको इकाईधनीको सभाबाट विशेष प्रस्तावद्वारा प्रस्ताव पारित गरेमा फ्लो अन इन्भेष्टमेन्ट गर्न सकिनेछ।

३९. **लगानीको सीमाः** (१) कोष व्यवस्थापकले कोषको रकम लगानी गर्दा देहायको सीमाभित्र रही गर्नुपर्नेछः

(क) एक कम्पनीमा वा क्षेत्रमा कुल लगानीयोग्य रकमको बढीमा पच्चिस प्रतिशत,

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक क्षेत्रमा मात्र लगानी गर्ने गरी स्थापना भएको कोष (सेक्टर स्पेसिफिक) को हकमा क्षेत्रगत सीमा लागू हुने छैन।

(२) कोषको रकम लगानी गर्ने सम्बन्धी अन्य व्यवस्था कोषको विधान तथा लगानी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) बोर्डले कोषको प्रकृति तथा जोखिम अनुसार लगानी गर्ने सीमा हेरफेर वा थप गर्न सक्नेछ।

४०. **सह-लगानी:** (१) कोष व्यवस्थापक र कोषका इकाईधनीले कोषद्वारा लगानी गरिने संस्थामा निष्पक्ष र पारदर्शी आधारमा सह-लगानी गर्न सक्नेछन्।

(२) उपनियम (१) बमोजिम सह-लगानी गर्दा कोषसँगको समान सर्तमा र कोषको सह-लगानी नीति बमोजिम हुनु पर्नेछ।

४१. **स्वार्थको द्वन्द:** (१) कोष व्यवस्थापकले कोषको रकम लगानी गर्दा स्वार्थ बाझिने तथा क्रस होल्डिङ्ग हुने गरी लगानी गर्ने छैन।

स्पष्टिकरण: क्रस होल्डिङ्ग भन्नाले कोष र कोष व्यवस्थापकको एउटै संस्थामा भएको लगानीलाई जनाउनेछ। तर कोष व्यवस्थापकको संस्थापक, संचालक, कर्मचारीले कोषसँगै एउटै शर्त, मूल्यांकनमा सह-लगानी गरेको भए त्यस्तो लगानीलाई क्रस होल्डिङ्ग मानिने छैन।

(२) कोष व्यवस्थापकले कोषको रकम कोष व्यवस्थापकको सहायक कम्पनीमा लगानी गर्ने छैन।

(३) कोष व्यवस्थापकले कोषको रकम कोष व्यवस्थापकको संचालक वा संस्थापक वा कर्मचारीको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएको कम्पनीमा लगानी गर्न पाउने छैन।

तर, इकाईधनीको वार्षिक सभामा विशेष प्रस्तावद्वारा स्वीकृत गराएर कोष व्यवस्थापकको संचालक वा संस्थापक वा कर्मचारीको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएको कम्पनीमा लगानी गर्न बाधा पुग्ने छैन।

स्पष्टिकरण: यस प्रयोजनका लागि संलग्न भन्नाले कोष व्यवस्थापकको दश प्रतिशत वा सो भन्दा बढी शेयर लिएको संस्थापक तथा संस्थापकको एकाघर परिवारको कुनै कम्पनीमा दश प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको वा निर्णायक तहका कर्मचारी वा संचालक भन्ने बुझ्नुपर्छ।

(४) बैक तथा वित्तीय संस्था संस्थापक भएका कोष व्यवस्थापकले संचालन तथा व्यवस्थापन गरेको कोषले मुख्य कम्पनीले ऋण प्रवाह गरेको परियोजनाहरूमा लगानी गर्न पाउने छैन।

(५) बैक तथा वित्तीय संस्था संस्थापक भएका कोष व्यवस्थापकले निजले संचालन गरेको कोषबाट उक्त संस्थापक बैंक तथा वित्तीय संस्था र उक्त संस्थाको सहायक कम्पनीको सम्पत्ति तथा दायित्व खरिद वा लगानी गर्न पाउने छैन।

(६) कोषको आकारको पचास प्रतिशतभन्दा बढी प्रतिवद्दता दिएका कुनै एक लगानीकर्ताको स्वामित्व भएको कम्पनी वा परियोजनामा लगानी गर्न पाइने छैन।

(७) कोष व्यवस्थापकले कोषद्वारा लगानी गरिने संस्थामा हुनसक्ने सम्भावित स्वार्थको पहिचान, अनुगमन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कोषको विधान तथा लगानी सम्झौतामा खुलाउनुपर्नेछ।

(८) कोषको प्रायोजक तथा कोष व्यवस्थापकले लगानीकर्ताप्रति न्यायिक दायित्व (Fiduciary Capacity) मा रही कार्य गर्नुपर्नेछ र स्वार्थको द्वन्द्व उत्पन्न भएमा वा उत्पन्न हुन सक्ने सम्भावना देखिएमा त्यस्तो द्वन्द्वका सम्बन्धमा इकाईधनीलाई जानकारी गराउनुपर्नेछ।

४२. **लगानीको मूल्याङ्कनः** (१) कोष व्यवस्थापकले प्रत्येक वर्ष कम्तिमा एक पटक स्वतन्त्र मूल्याङ्कनकर्ताबाट कोषले गरेको लगानीको मूल्याङ्कन गराउनुपर्नेछ।

(२) कोष व्यवस्थापकले उपनियम (१) बमोजिमको मूल्याङ्कन गर्न स्वतन्त्र मूल्याङ्कनको छनौट सम्बन्धमा कोषको विधान तथा लगानी सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

(३) कोष व्यवस्थापकले उपनियम (२) बमोजिमको कार्यविधिमा तोकेको प्रक्रिया र मापदण्ड पूरा गरी स्वतन्त्र मूल्याङ्कनकर्ता नियुक्त गरेको सुनिश्चित गर्नुपर्नेछ।

(४) कोषको गरेको लगानीको यथार्थ तथा निष्पक्ष मूल्याङ्कन गर्ने गराउने जिम्मेवारी कोष व्यवस्थापकको हुनेछ।

४३. **लगानीबाट वहिर्गमन तथा प्रतिफल वितरणः** कोष व्यवस्थापकले कोषको विधान वा विक्री प्रस्तावमा तोकिएको विधि बमोजिम लगानीबाट वहिर्गमन र प्रतिफल वितरण गर्नुपर्नेछ।

परिच्छेद-७

लेखा, अभिलेख तथा विवरणसम्बन्धी व्यवस्था

४४. **कोषको लेखा तथा सम्पत्तिः** (१) कोष व्यवस्थापकले आफ्नो कारोबारको लेखा प्रचलित कानून बमोजिमको ढाँचा र प्रकृयामा राख्नु पर्नेछ।

(२) कोषको सम्पत्ति कोष व्यवस्थापकको सम्पत्तिबाट पृथक रहनेछ।

(३) कोष व्यवस्थापकको ऋण, दायित्व वा अन्य कारोबारको दायित्व पूरा गर्न कोषको सम्पत्ति प्रयोग गर्न पाइने छैन।

(४) एउटै कोष व्यवस्थापकले व्यवस्थापन गरेका प्रत्येक कोषको सम्पत्ति, दायित्व, आय, खर्च तथा लगानी छुट्टाछुट्टै लेखाङ्कन गर्नुपर्नेछ।

(५) एउटा कोषको सम्पत्ति अर्को कोषको दायित्व पूरा गर्न पाइने छैन।

(६) कोष व्यवस्थापकले प्रत्येक कोषको छुट्टै बैंक खाता तथा आवश्यक अभिलेख राख्नुपर्नेछ।

(७) बोर्डले आवश्यक ठानेमा प्रत्येक कोषको सम्पत्ति स्वतन्त्र अभिरक्षक वा अन्य स्वीकृत संस्थामार्फत सुरक्षित राख्ने व्यवस्था गर्न निर्देशन दिन सक्नेछ।

४५. **वित्तीय विवरण तयार गर्नु पर्नेः** कोष व्यवस्थापकले आफ्नो र कोषको छुट्टाछुट्टै वित्तीय विवरण तयार गर्नु गराउनु पर्नेछ।

४६. **<u>लेखापरीक्षक तथा लेखापरीक्षणः</u>** (१) कोष व्यवस्थापकले चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्रमाणपत्र प्राप्त गरेको लेखापरीक्षक मात्र कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षकको रुपमा नियुक्त हुन सक्नेछ।

(२) कोष व्यवस्थापकले आफ्नो र कोषको लेखा परिक्षण छुट्टाछुट्टै लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(३) लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षण गर्दा लेखापरीक्षण सम्बन्धी प्रचलित सिद्धान्त, कानून र मापदण्ड अनुसार गर्नु पर्नेछ।

(४) लेखापरीक्षकले लेखापरीक्षण गरी सकेपछि कोष व्यवस्थापक तथा कोषको काम कारवाही, लेखा विवरण तथा आर्थिक अवस्था प्रतिविम्बित हुने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने कुराहरुको अतिरिक्त देहायका कुराहरु समेत खुलाइएको हुनुपर्नेछः

(क) लेखा सम्बन्धी प्रचलित ऐन, नियम तथा मापदण्ड अनुसार लेखा राखे नराखेको,

(ख) इकाईधनीको हित प्रतिकुल कुनै कार्य गरेको देखिएमा तत्सम्बन्धी विवरण,

(ग) कोष व्यवस्थापकले विधान तथा लगानी सम्झौता बमोजिम काम गरे नगरेको,

(घ) कोष अन्तर्गतको रकम यस नियमावली तथा कोषकाे लगानी कार्यविधि अनुरुप लगानी भए नभएको,

(ङ) इकाईधनीलाई जानकारी गराउनुपर्ने भनी लेखापरीक्षकलाई लागेका अन्य कुरा तथा सुझाव।

४७. **<u>लेखापरीक्षकलाइ कारबाहीका लागि लेखी पठाउन सक्नेः</u>** कुनै लेखापरीक्षकले कोष व्यवस्थापक तथा कोषको लेखापरीक्षण गर्दा यस नियमावली र प्रचलित कानून विपरित लेखा परीक्षण गरेमा त्यस्तो लेखापरीक्षकको सम्बन्धमा आवश्यक कारबाही गर्नको लागि बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष लेखी पठाउन सक्नेछ।

४८. **<u>निरीक्षण गर्न सक्नेः</u>** (१) कोष व्यवस्थापकले कोषका सम्बन्धमा राखेको हिसाव किताब तथा अभिलेख बोर्डले वा बोर्डले तोकेको व्यक्तिले जुनसुकै समयमा निरीक्षण गर्न सक्नेछ।

(२) बोर्डले कोषको जोखिमको प्रकृति, कोषको आकार, लगानी रणनीति, लगानीकर्ताको प्रकृतिको आधारमा विभिन्न श्रेणीका कोष तथा कोष व्यवस्थापकका लागि विशेष निरीक्षण व्यवस्था गर्न सक्नेछ।

४९. **<u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो तथा कोषको सो आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र सो आर्थिक वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको वार्षिक वित्तीय विवरण इकाईधनीको जानकारीको लागि संक्षिप्त वित्तीय विवरण विद्युतीय माध्यममार्फत जानकारी गराउनु पर्नेछ।

(३) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र इकाईधनीहरुको वार्षिक सभा सम्पन्न गर्नु पर्नेछ। यस्तो वार्षिक सभा सम्पन्न भएको तीस दिनभित्र सो को प्रतिवेदन बोर्डमा पेश गर्नु पर्नेछ।

५०. **इकाईधनीलाई जानकारी उपलब्ध गराउनेः** (१) कोष व्यवस्थापकले इकाईधनीलाई निम्न विषयमा पारदर्शिता कायम गर्दै आवश्यक सूचना तथा विवरण उपलब्ध गराउनुपर्नेछः

(क) कोषको लगानीसँग सम्बन्धित वित्तीय, जोखिम व्यवस्थापन, सञ्चालन, पोर्टफोलियो तथा कारोबारसम्बन्धमा,

(ख) कोष व्यवस्थापक वा प्रायोजकलाई प्रदान गरिने कुनै पनि शुल्क तथा व्यवस्थापक वा प्रायोजकका सम्बद्ध व्यक्तिले कोष वा लगानी प्राप्त कम्पनीबाट लिने कुनै पनि शुल्क सम्बन्धमा,

(ग) कुनै पनि क्षेत्राधिकार (Jurisdiction) अन्तर्गत कानुनी वा नियामक निकायबाट भएको छानबिन, सोधपुछ वा कानुनी कारबाही भएमा त्यस्तो घटना भएमा तत्काल,

(घ) कोष संचालनको अवधिभित्र उत्पन्न हुने कुनै महत्वपूर्ण दायित्व (Material Liability) भएमा त्यस्तो जानकारी घटना भएमा तत्काल,

(ङ) प्रायोजक, कोष व्यवस्थापक वा लगानी प्राप्त कम्पनीको नियन्त्रण (Control) मा कुनै परिवर्तन भएमा,

(च) कोष व्यवस्थापकको संचालक समिति, कार्यकारी प्रमुख, लगानी समितिमा कुनै महत्वपूर्ण परिवर्तन भएमा,

(२) कोष व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले १८० दिनभित्र, इकाईधनीलाई वार्षिक रूपमा कम्तीमा निम्न विवरण समावेश भएको प्रतिवेदन उपलब्ध गराउनुपर्नेछः

(क) लगानी गरिएको कम्पनीहरूको वित्तीय विवरण,

(ख) महत्वपूर्ण जोखिमहरू तथा ती जोखिमहरूको व्यवस्थापन सम्बन्धी विवरण, जसमा देहायका विषय समावेश हुन सक्नेछन्:

1. कोष स्तरको एकाग्रता जोखिम (Concentration Risk),
2. कोष स्तरको विदेशी विनिमय जोखिम (Foreign Exchange Risk),
3. कोष तथा लगानी प्राप्त कम्पनी स्तरको लीभरेज जोखिम (Leverage Risk),
4. कोष तथा लगानी प्राप्त कम्पनी स्तरको बहिर्गमन (Exit) वातावरण परिवर्तनबाट उत्पन्न जोखिम (Realization Risk),

5. लगानी प्राप्त कम्पनीको व्यवसायिक रणनीतिमा परिवर्तन वा विचलनबाट उत्पन्न जोखिम (Strategy Risk),
6. लगानी प्राप्त कम्पनी स्तरको प्रतिष्ठासम्बन्धी जोखिम (Reputation Risk),
7. कोष तथा लगानी प्राप्त कम्पनी स्तरका वातावरणीय, सामाजिक तथा संस्थागत सुशासन (Environmental, Social and Governance – ESG) लगायतका गैर-वित्तीय जोखिमहरू।

५१. **<u>बोर्डमा जानकारी तथा विवरण दिनु पर्नेः</u>** (१) कोष व्यवस्थापकले देहायका जानकारी तथा विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछः-

(क) प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन भएको पन्ध्र दिनभित्र,

(ख) संचालक वा कार्यकारी प्रमुख नियुक्ति भएमा नियुक्त भएको पन्ध्र दिन भित्र,

(ग) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन सम्बन्धमा तत्काल,

(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा तत्काल

(ङ) कोषको ईकाइहरु वा ईकाइधनीहरुको विस्तृत विवरण सहितको अभिलेख रहेको दर्ता किताब आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र,

(छ) इकाईधनीको प्रतिवद्धता, लगानीको अवस्था, कोषले गरेको लगानी, मूल्यांकन, खुद सम्पत्ति मूल्य, लगानीबाट बाहिरिएको सम्बन्धी विस्तृत विवरण अर्धवार्षिक अवधिमा,

(ज) कोषको विधान, विक्री प्रस्तावमा कुनै परिवर्तन वा संशोधन भएमा सो भएको सात कार्यदिन भित्र।

(झ) पुँजी आव्हान, कोषको आकार, महत्वपूर्ण घट्नासम्बन्धी विवरण,

(ञ) कोषको समयावधी थप भएमा त्यस्तो समयावधी थप भएको पन्ध्र दिनभित्र,

(ज) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण बोर्डले तोकिदिएको अवधिभित्र।

(२) कोषसंग सम्बन्धित कुनै सूचना जानकारी वा विवरण माग गरेमा कोष व्यवस्थापकले त्यस्तो सूचना जानकारी वा विवरण सात दिनभित्र उपलव्ध गराउनु पर्नेछ।

५२. **<u>अभिलेख सुरक्षित राख्नु पर्नेः</u>** (१) कोष व्यवस्थापकले कोष स्थापना तथा संचालन सम्बन्धी कागजात, कोष अन्तर्गतका सम्पत्ती तथा दायित्वको विवरण, मुल्यांकन नीति तथा अभ्यास, लगानी समितिका निर्णय तथा रणनीतिहरु, इकाई निष्काशनबाट प्राप्त रकम तथा इकाईधनीको जानकारी, कोषको लेखा, वार्षिक प्रतिवेदन र वित्तीय विवरण, कोषबाट गरिएको लगानी र कोष व्यवस्थापकले आवश्यक देखेका अन्य कागजातहरुको अभिलेख कोषको खारेजीसम्म सुरक्षित राख्नुपर्नेछ।

परिच्छेद-८

विविध

५३. **<u>कोषको स्वामित्वमा रहेको धितोपत्र विक्री सम्बन्धी व्यवस्थाः</u>** (१) धितोपत्रसम्बन्धी प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भएता पनि कोषको लगानी रहेको संगठित संस्थाको धितोपत्रको सार्वजनिक निष्काशन

भई बाँडफाँट भएको मितिले एक वर्ष पछि मात्र कोषले आफ्नो स्वामित्वमा रहेको धितोपत्र विक्री गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले अन्तिम लगानी गरेको अवधी तीन वर्ष पूरा भएको संगठित संस्थाको धितोपत्र दोस्रो बजारमार्फत् विक्री गर्न सक्नेछ।

(३) बोर्डले कोषको प्रकृति अनुसार कोषको स्वामित्वमा रहेको धितोपत्रको विक्री सम्बन्धमा विशेष व्यवस्था गर्न सक्नेछ।

५४. **हेज फण्ड सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हेज फण्ड सञ्चालन सम्बन्धमा बोर्डले निर्देशिका बनाई थप व्यवस्था गरी लागू गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निर्देशिका लागू नभएसम्म हेज फण्ड दर्ता तथा सञ्चालन गर्न सकिने छैन।

५५. **पहिलो कोष बाहेक अन्य कोष दर्ता सम्बन्धमाः** कोष व्यवस्थापकले पहिलो कोषको दर्ता भएपश्चात् सोही कोष व्यवस्थापकले समान विशेषता र उद्देश्य भएको अन्य कोष दर्ता गर्न चाहेमा संचालनमा रहेका कोषको इकाईधनीको सहमति लिने सम्बन्धमा र अन्य कोष दर्ता सम्बन्धी व्यवस्था विधान तथा लगानी सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

५६. **एक कोषले अर्को कोषमा लगानी गर्न नहुनेः** (१) बोर्डमा दर्ता भएको एक कोषले अर्को कोषमा लगानी गर्न पाउने छैन।

(२) बोर्डले कोषको कोषसम्बन्धी व्यवस्था अन्तर्गत अनुमति दिएको अवस्थामा सो कोषको कोषलाई अन्य कोषहरूमा लगानी गर्न बाधा पुग्ने छैन।

५७. **विशेष व्यवस्थाः** (१) बोर्डले सामाजिक, वातावरण तथा दिगो विकासको प्रवर्द्धनसँग सम्बन्धित कोषका लागि विशेष व्यवस्था गर्न सक्नेछ।

(२) बोर्डले कोषको जोखिमको प्रकृति, कोषको आकार, लगानी रणनीति, लगानीकर्ताको प्रकृतिको आधारमा विभिन्न श्रेणीका कोष तथा कोष व्यवस्थापकका लागि विशेष व्यवस्था गर्न सक्नेछ।

५८. **गाभ्ने गाभिने तथा प्राप्तिः** बोर्डबाट अनुमतिपत्र प्राप्त कोष व्यवस्थापकको गाभ्ने गाभिने तथा प्राप्तिसम्बन्धी व्यवस्था बोर्डले तोके बमोजिम हुनेछ।

५९. **गुनासो व्यवस्थापनः** कोष व्यवस्थापकले इकाईधनीको गुनासो प्राप्त, अभिलेख, परीक्षण तथा समाधान गर्ने संयन्त्रको विकास गर्नुपर्नेछ।

६०. **निर्देशिका तथा मापदण्ड जारी गर्न सक्नेः** (१) यस नियमावलीको कार्यान्वयनका लागि आवश्यक निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम जारी भएको निर्देशिका तथा मापदण्ड पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

६१. **बाधा अड्काउ फुकाउनेः** यस नियमावलीको कार्यान्वयनबाट कुनै व्यवहारिक कठिनाई उत्पन्न भएमा बोर्डले आवश्यक निर्णय गर्नेछ।

६२. **अनुसूचीमा हेरफेर वा थपघटः** बोर्डले आवश्यकता अनुसार अनूसुचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

६३. **खारेजी र बचाउः** (१) विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज गरिएको विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

पूर्व स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड मितिः

..... ।

बिषयः पूर्व स्वीकृति सम्बन्धमा।

महोदय,

धितोपत्र सम्बन्धी ऐन, २०६३ र वैकल्पिक लगानी कोष नियमावली, २०८३ को अधिनमा रही कोष व्यवस्थापन गर्न देहाय बमोजिमको नाम रहेको कम्पनी दर्ता गर्न पूर्व स्वीकृतिका लागि लाग्ने निवेदन दस्तुर, आवश्यक विवरण तथा कागजात यसै साथ संलग्न गरी यो निवेदन पेश गरेका छौं।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन्। कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन। विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

प्रस्तावित संस्थाकोः

नाम : .....

ठेगानाः .....

संचालकको

नाम थर : दस्तखत

१.

२.

३.

अनुसूची -२

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

पूर्व स्वीकृतिका लागि निवेदन दिँदा संलग्न गर्नुपर्ने विवरण तथा कागजात

(क) प्रस्तावित प्रबन्धपत्र र नियमावली,

(ख) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) आगामी तीन आर्थिक वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक योजना,

(घ) संस्थापकले ग्रहण गर्ने स्वामित्व सम्बन्धी विवरण,

(ङ) कोष व्यवस्थापकको कार्य गर्न तयार गरिने पूर्वाधार सम्बन्धी देहायको प्रस्तावित विवरणः-

१. कार्यालय रहने स्थान तथा कार्यालयले ओगटने क्षेत्रफल सम्बन्धी विवरण,

२. संगठन संरचना तथा कार्य बिभाजन सम्बन्धमा गरिने व्यवस्था,

अनुसूची -३

(नियम ३ को उपनियम (२), नियम ५ र नियम १४ को उपनियम (४) संग सम्बन्धित)

कोष व्यवस्थापक सम्बन्धी शुल्क

१.	निवेदन शुल्क	५० हजार रूपैयाँ
२.	कोष व्यवस्थापक दर्ता शुल्क	३ लाख रुपैयाँ
३.	कोष व्यवस्थापक वार्षिक शुल्क	१ लाख ५० हजार रुपैयाँ

कोष दर्ता शुल्क

१. निवेदन शुल्क	५० हजार रुपैयाँ
२. कोष दर्ता शुल्क	
(क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म	५ लाख रुपैयाँ
(ख) ५० करोड रुपैयाँ देखि १ अर्व रुपैयाँसम्म	७ लाख रुपैयाँ
(ग) १ अर्व रुपैयाँ देखि माथि जतिसुकै भएपनि	१० लाख रुपैयाँ

अनुसूची ४

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

कोष व्यवस्थापकको अनुमतिपत्रका लागि दिने निवेदनको ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड मितिः

..... ।

बिषयः अनुमतिपत्र सम्बन्धमा।

महोदय,

धितोपत्र सम्बन्धी ऐन, २०६३ र वैकल्पिक लगानी कोष नियमावली, २०८३ बमोजिम कोष व्यवस्थापकको कार्य गर्न अनुमतिपत्र प्राप्त गर्नका लागि देहायका कागजात तथा विवरणका संलग्न गरी यो निवेदन पेश गरिएको छ।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन्। कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन। विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

<u>निवेदक संस्थाकोः</u>

नाम : .....

ठेगानाः.....प्रदेश.....जिल्ला .....गा.पा./न.पा..... टोल.....वडा नं..... .ब्लक नं..... फोन नं.ः.....फ्याक्सः.....

इमेल .....

<u>निवेदकको आधिकारिक दस्तखतः</u>

कम्पनी वा कोष व्यवस्थापकको छापः

नामः

पदः

अनुसूची-५

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

अनुमतिपत्रको निवेदन दिँदा संलग्न गर्नुपर्ने विवरण तथा कागजात

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाहीसम्बन्धी वार्षिक प्रतिवेदन,

तर, संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ।

(घ) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रस्तावित कोष व्यवस्थापकको संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको भए सो सम्बन्धी विवरण,

(च) संस्थापकले लिएको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,

(छ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरधनीको नाम, पूरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(ज) संस्थाको संगठन तथा कार्य प्रणालीसम्बन्धी विवरण,

(झ) कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,

(ञ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ट) संस्थापक शेयरधनीहरू कालो सूचिमा नपरेको पत्र,

(ठ) संस्थापक शेयरधनीहरूको आम्दानीको स्रोत खुल्ने कागजात,

(ड) संस्थाको शेयरधनी विदेशी कोष वा कोष व्यवस्थापक वा अन्य संस्था भएमा यस उपनियममा उल्लिखित कागजातका अतिरिक्त सम्बन्धित देशको कानून बमोजिम कोष वा कोष व्यवस्थापक वा संस्था दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र प्रबन्धपत्र तथा नियमावली वा संस्था स्थापना सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि समेत,

(ढ) संस्थाको शेयरधनी विदेशी कोष वा कोष व्यवस्थापक वा अन्य संस्था भएमा माथि उल्लेखित कागजातका अतिरिक्त उक्त संस्थाले विदेशमा व्यवस्थापन गरिरहेको कोषको आका खुलेको कागजातको प्रमाणित प्रतिलिपि,

(ण) व्यवासायिक योजना,

(त) मानव संशाधन तथा प्राविधिक पूर्वाधार योजना,

(थ) लगानी व्यवस्थापनसम्बन्धी प्रस्तावित संरचना,

(द) जोखिम व्यवस्थापन नीति,

(ध) आन्तरिक नियन्त्रण प्रणाली,

(न) सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी नीति,

(य) स्वार्थको द्वन्द व्यवस्थापनसम्बन्धी नीति,

(र) बोर्डले आवश्यक देखेको अन्य कागजात तथा विवरणहरू।

अनुसूची-६

(नियम ४ को उपनियम (३) संग सम्बन्धित)

अनुमतिपत्र प्राप्त गर्नका लागि तयार गर्नुपर्ने पूर्वाधार

(१) कार्यालयले ओगट्ने क्षेत्रफलः

- आगन्तुक प्रतिक्षा, ग्राहक सेवा, स्टोर, सूचना प्रविधि सहित व्यवसाय संचालन सम्बन्धी कार्य संचालन गर्न छुट्टाछुट्टै कक्ष भएको कम्तीमा १,००० वर्ग फिट क्षेत्रफल,
- कार्यालय भवन वा क्षेत्रफल भाडामा लिने भए कम्तीमा दुई वर्ष अवधिको बहालसम्बन्धी सम्झौता पत्र।

(२) कार्यालय उपकरणः

- संचार साधनः टेलिफोन, फ्याक्स सहित, इमेल/इन्टरनेटको व्यवस्था,
- सूचना प्रविधिः आवश्यक कम्प्युटर सफ्टवेयर, सर्भर र हार्डवयर,
- कम्प्युटर/ल्यापटप— जनशक्ति व्यवस्था अनुसार कम्प्युटर, प्रिन्टर, सिसिटिभी, पावर व्याकअप, हाजिरी मेशिन,
- कार्यालयको लागि आवश्यक पर्ने फर्निचर, फिक्सचर्स तथा अन्य कार्यालय सामाग्री।

(३) संस्थाको संगठनात्मक संरचना

(४) धितोपत्र व्यवसाय संचालनका लागि आवश्यक जनशक्तिः

- कार्य विभाजन तथा कार्य विवरण सहित देहाय अनुसारको विभाग प्रमुखः
    - कम्तीमा वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापनमा स्नातकोत्तर गरेको,
    - कम्तीमा कानून विषयमा स्नातकोत्तर गरेको र
    - चार्टर्ड एकाउन्टेन्सी वा फाइनान्सियल एनालिष्ट गरेको (यो योग्यता भएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत भएको अवस्थामा अनिवार्य नहुने)
- अन्य जनशक्ति आवश्यकता अनुसार।

(५) अनुपालना अधिकृत र अनुपालना अधिकृतको योग्यता सम्बन्धमाः

- अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी गरेको एकजना अनुपालना (कम्प्लाइन्स) अधिकृत।

(६) कार्यालय संचालनका लागि देहाय अनुसारको नीति, विनियमावली वा कार्यविधिः

- देहायको विषय समावेश भएको विशिष्टिकृत लगानी कोष संचालन सम्बन्धी नीति, विनियमावली र कार्यविधिः
    - लगानी गर्ने क्षेत्र र कार्यविधि
    - परियोजना मूल्यांकन, लगानी व्यवस्थापन तथा त्यसको अनुगमन सम्बन्धमा गरिने व्यवस्थाहरु,
    - संचालक समितिमा छलफल र स्वीकृतिको लागि पेश गर्नुपर्ने विषयहरु,
    - लगानी गरिने रकम अनुसार स्वीकृति प्रदान गर्न सक्ने विभिन्न तहको अख्तियारी,
    - धितोपत्र सम्बन्धी अन्य व्यवसाय गरेको भए ती व्यवसायसँग अलग हुने गरी वित्तीय विवरण राख्ने व्यवस्था तथा सूचना प्रवाह सम्बन्धमा ।

- संचालक, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीका लागि संस्थागत सुशासनसम्बन्धी आचार संहिता वा कार्यविधि,
- कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली,
- कार्यालय संचालनका क्रममा आउन सक्ने संचालन जोखिम, बजार जोखिम तथा अन्य जोखिम न्यूनीकरणका लागि जोखिम पहिचान तथा व्यवस्थापन कार्यविधि ।

(७) कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थासँग कुनै प्रकारको सेवा लिन चाहेको भए सो सम्बन्धी सम्झौता पत्र।

(८) बोर्डबाट मर्चेन्ट बैंकिङ्ग व्यवसायका लागि अनुमतिपत्र प्राप्त कम्पनीको हकमा विद्यमान संगठनात्मक संरचनामा वैकल्पिक लगानी कोष व्यवस्थापकको रुपमा कार्य गर्न छुट्टै विभाग वा इकाईको गठन गरी चार्टर्ड एकाउन्टेन्सी वा फाइनान्सियल एनालिष्ट गरेको एक जना र अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर गरेको दुई जना सहित आवश्यकता अनुसारको अन्य जनशक्ति हुनुपर्नेछ।

अनुसूची-७

(नियम ४ को उपनियम (७) संग सम्बन्धित)

कोष व्यवस्थापकको अनुमतिपत्र

.....मा मुख्य कार्यालय रहेको त्यस संगठित संस्थाको निवेदनमा कारवाही तथा जाँचबुझ हुँदा यस बोर्डको मिति ..... को निर्णयानुसार त्यस संस्थालाई वैकल्पिक लगानी कोष नियमावली, २०८३ बमोजिम कोष व्यवस्थापकको काम गर्न दिने निर्णय भएकोले सो का लागि यो अनुमतिपत्र प्रदान गरिएको छ।

शर्तहरुः

बोर्डको छापः

प्रमाणपत्र दिने अधिकारीकोः

नामः

पदः

दस्तखतः

मितिः

अनुसूची-८

(नियम १६ को उपनियम (२) र नियम ३० को उपनियम (२) सँग सम्बन्धित)

वैकल्पिक लगानी कोष दर्ता तथा निष्काशन लागि दिने निवेदनको ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड मितिः

..... ।

विषयः कोष दर्ता तथा निष्काशनको अनुमति/स्वीकृती पाउँ।

महोदय,

वैकल्पिक लगानी कोष नियमावली, २०८३ अन्तर्गत दर्ता भएको कोष व्यवस्थापक.... को .....नाउँको जम्मा रकम रुपैयाँ.....सम्मको कोष दर्ता तथा निष्काशन गर्ने अनुमति/स्वीकृतिका लागि आवश्यक विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौं।

संलग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन्। कुनै विवरण जानीजानी लुकाएको वा गलत विवरण पेश गरेको छैन। विवरण लुकाएको वा गलत विवरण वा कागजात पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

कोष व्यवस्थापकको

नाम : .....

ठेगानाः .....प्रदेश.....जिल्ला.....गा.पा/न.पा.

टोल.....वडा नं.....ब्लक नं..... फोन नंः.....फ्याक्सः.....

इमेल.....

कोष व्यवस्थापकको कार्यालयको छापः

कार्यकारी प्रमुखकोः

नाम :

दस्तखतः

अनुसूची -९

(नियम १६ को उपनियम (२) सँग सम्बन्धित)

कोष दर्ता तथा निष्काशन गर्दा बुझाउनु पर्ने विवरण तथा कागजात

1. कोषको विधान,
2. प्रचलित कानून बमोजिम निर्धारित ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा काम कारवाही सम्बन्धी वार्षिक प्रतिवेदन। (संस्थापना भई आर्थिक वर्ष पुरा नभएको संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तीय विवरण पेश गर्न सकिनेछ)
3. आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक लगानी,
4. कोष दर्ता तथा निष्काशन गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,
5. प्रस्तावित कोष व्यवस्थापकको संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण,
6. प्रस्तावित कोषमा १० प्रतिशत लगानी गर्ने इकाईधनीहरुको कोष अवधीभर लगानी गर्ने प्रतिबद्धता पत्र,
7. कोषको प्रस्तावित लगानी गर्ने कार्य प्रणाली सम्बन्धी विवरण,
8. कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन र जनशक्ति सम्बन्धी विवरण,
9. कोष निष्काशनका लागि इकाईधनीसँग गरिने लगानी सम्झौताको विवरण पत्र,
10. कोष निष्काशन चरणबद्ध रुपमा गर्ने भए सोको विवरण,
11. संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजातः
    - नाम तथा पूरा ठेगाना,
    - अन्य कम्पनी वा कोष व्यवस्थापकमा स्वामित्व वा कुनै संलग्नता रहेको भए तत्सम्बन्धी विवरण।
12. गैर आवासीय नेपालीको लगानी रहेको कम्पनी संस्थापक भएमा बोर्डले तोके बमोजिमका अन्य विवरणहरु।

अनुसूची -१०

(नियम १६ को उपनियम (४) र नियम ३० को उपनियम (४) सँग सम्बन्धित)

कोष दर्ता तथा निष्काशनको अनुमतिपत्र

.....मा मुख्य कार्यालय रहेको कोष व्यवस्थापक .....ले स्थापना गरेको ..... नाउँको वैकल्पिक लगानी कोष नियमावली, २०८३ को नियम १६ बमोजिम यस बोर्डमा दर्ता गरी निष्काशनको अनुमतिपत्र प्रदान गरिएको छ।

बोर्डको छापः

प्रमाणपत्र दिने आधिकारीको

दस्तखतः

नामः

पदः

मिति

अनुसूची -११

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

कोषको विक्री प्रस्ताव (प्राइभेट प्लेसमेन्ट मेमोरेन्डम) को ढाँचा

(क) विक्री प्रस्तावको मुखपृष्ठमा उल्लेख हुनुपर्ने कुराहरुः

1. "विक्री प्रस्ताव" भन्ने शव्द,कोष व्यवस्थापकको नाम, लोगो तथा रजिष्ट्रर्ड कार्यालयको ठेगाना,
2. नेपाल धितोपत्र बोर्डबाट विक्री प्रस्ताव स्वीकृत भएको मिति,
3. जारी गरिने कोष इकाईको किसिम र संख्या
4. कोषको अवधिभर कोषमा न्यूनतम दस प्रितशत लगानी गर्ने प्रतिवद्धता गरेका लगानीकर्ताको विवरण
5. इकाईको अंकित मूल्य र दरखास्त साथ भुक्तानी गर्नुपर्ने रकम,
6. लगानीमा हुने जोखीम सम्बन्धी उद्घोषण,
7. नियामक निकायको जवाफदेहीता नरहने उद्घोषण,
8. निष्काशन शुरु हुने मिति,
9. निष्काशन बन्द हुने मिति (छिटो र ढिलोमा)
10. नेटवर्थ सम्बन्धी विवरण

(ख) विक्री प्रस्तावको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरुः

1. विक्री प्रस्तावमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा,
2. विक्री प्रस्ताव तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान,

(ग) विक्री प्रस्तावको दोश्रो पृष्ठबाट क्रमश उल्लेख हुनुपर्ने कुराहरुः

१. कोष व्यवस्थापकको उद्घोषण,

(क) कोष व्यवस्थापकको जवाफदेहीता सम्बन्धी,

(ख) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी,

२. कोष व्यवस्थापक सम्बन्धी जानकारी

(क) कोष व्यवस्थापकको पृष्ठभूमि,

(ख) सम्पत्तिको विवरण,

(ग) भावी योजना तथा रणनीति

(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था,

३. पूँजी संरचना सम्बन्धी जानकारी,

४. संस्थापक/संचालक सम्बन्धी जानकारी,

(क) संस्थापक/संचालकको पृष्ठभूमि

(ख) संस्थापक/संचालकसँगको कारोबार

५. सीमित दायित्व सम्बन्धी विवरण

६. कोष व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी,

(क) कोष व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण

(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

७. कोषमा अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

८. कोष व्यवस्थापकको वित्तीय विवरण

(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

(ख) वित्तीय अनुपात सम्बन्धी विवरण

९. कोष इकाई निष्काशन सम्बन्धी विवरण

(क) इकाई जारी गर्नुको उद्देश्य,

(ख) इकाई निष्काशनबाट प्राप्त पूँजीको उपयोग,

(ग) ईकाई निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण,

(घ) कोषको अवधि,

(ङ) कोषको विशेषता भए सो सम्बन्धी विवरण,

१०. लगानीकर्ता र कोष व्यवस्थापक बीच हुने लगानी सम्झौता सम्बन्धी विवरण

११. कोषका लागि उपलब्ध लगानी अवसर तथा चुनौती तथा सम्भाव्य लगानी क्षेत्र सम्बन्धी विवरण

१२. लगानी समितिको गठन तथा कार्यविधि सम्बन्धी विवरण

१३. परामर्शदाताविशेषज्ञ भए सो सम्बन्धी विवरण

१४. लाभाँश वितरण वा हर्डल रेट सम्बन्धी व्यवस्था

१५. अन्य सामान्य जानकारी

१६. कोषले व्यहोर्नुपर्ने शुल्क तथा खर्चहरु

१७. कोष व्यवस्थापकको संचालक वा लगानी समितिमा हुन सक्ने परिवर्तनका अवस्था तथा परिवतर्नका प्रकृया सम्बन्धी जानकारी

१८. इकाईधनीले इकाई बिक्री गर्न सकिने व्यवस्था वा कोषबाट बहिर्गमनका शर्त तथा प्रकृया सम्बन्धी व्यवस्था

१९. इकाईधनीको भेला सम्बन्धमा गरिएको व्यवस्था,

२०. इकाईधनीको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरिएको व्यवस्था,

२१. कोष व्यवस्थापकका संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत

२२. विक्री प्रस्ताव, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र

२३. कोष व्यवस्थापकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति।

अनुसूची-१२

(नियम ३१ को उपनियम (२) सँग सम्बन्धित)

विदेशी लगानीकर्ताले संलग्न गर्नुपर्ने विवरण तथा कागजात

(क) विदेशी लगानी स्वीकृतिका आवेदनसम्बन्धी प्रक्रियाका लागि लगानीकर्ता कम्पनीले अख्तियारीनामा दिएको भए सो को प्रतिलिपि र अख्तियारवालाको परिचयपत्र,

(ख) लगानीकर्ता कम्पनीको कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी प्रोफाइल, प्रवन्धपत्र तथा नियमावली र शेयर लगत,

(ग) लगानीकर्ता कम्पनीको पछिल्लो आ.व.को वार्षिक प्रतिवेदन, लेखा परिक्षण भएको वित्तीय विवरण, र कर चुक्ता प्रमाणपत्र,

(घ) लगानीकर्ता कम्पनीले लगानी सम्बन्धमा संचालक समितिको निर्णय,

(ङ) लगानीकर्ता कम्पनीको लगानी सम्बन्धी प्रतिबद्धता पत्र,

(च) लगानीकर्ता कम्पनीको संचालकको प्रोफाइलसम्बन्धी विवरण,

(छ) लगानी गर्ने रकम सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानुनको बर्खिलाप हुने गरी आर्जन नगरेको भन्ने उद्घोषण,

(ज) यस उपनियमको प्रयोजनका लागि बोर्डमा पेश भएको कागजात तथा विवरणको विश्वसनियता र आधिकारिकताप्रति जिम्मेवार र जवाफदेही भएको सम्बन्धमा कोष व्यवस्थापकको प्रतिवद्धता पत्र।

अनुसूची-१३

(नियम ३१ को उपनियम (३) सँग सम्बन्धित)

विदेशी लगानी लेखाङ्कनका लागि दिइने निवेदनको ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड, मितिः

.....।

विषयः विदेशी लगानी लेखाङ्कन गरिपाऊँ।

महोदय,

यस [कोष व्यवस्थापकको नाम] द्वारा व्यवस्थापन गरिएको [कोषको नाम] मा विदेशी लगानीका लागि वैकल्पिक लगानी कोष नियमावली, २०७५ को नियम १६ बमोजिम बोर्डबाट मिति [स्वीकृति मिति] मा स्वीकृति प्राप्त भएको र सो बमोजिम विदेशी लगानी प्राप्त भइसकेको हुँदा नियमावलीको नियम ३१ को उपनियम (५) बमोजिम सो लगानीको लेखाङ्कन गरिदिनुहुन देहायका विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गरेका छौं।

१. प्राप्त विदेशी लगानीको विवरणः

(क) कोषको नाम र बोर्ड दर्ता नम्बरः

(ख) बोर्डबाट विदेशी लगानी स्वीकृति प्राप्त मिति र पत्र संख्याः

(ग) विदेशी लगानीकर्ताको नाम र ठेगानाः

(घ) विदेशी लगानीकर्ताको प्रकृति (संस्थागत/अन्य):

(ङ) लगानीकर्ताको मुलुक (Country of Origin):

(घ) प्राप्त भएको कुल विदेशी लगानी रकम (विदेशी मुद्रा र ने.रू. मा):

(ङ) जारी गरिएको इकाई संख्या र कायम भएको स्वामित्व प्रतिशत (%):

२. संलग्न कागजातहरूः

(क) बोर्डबाट प्राप्त विदेशी लगानी स्वीकृतिको पत्रको प्रतिलिपि।

(ख) बैंकिङ/बैंकिङ माध्यमबाट रकम आएको प्रमाण (आधिकारिक बैंकिङ प्रणालीमार्फत रकम भित्रिएको प्रमाण)

(ग) इकाई बाँडफाँड तथा सम्झौता (कोष व्यवस्थापक र विदेशी लगानीकर्ता बीच भएको इकाई खरिद/सदस्यता सम्झौता (Unit Subscription Agreement) को प्रतिलिपि।

(घ) विदेशी लगानीकर्तालाई इकाई बाँडफाँड गरिएको कोष व्यवस्थापकको सञ्चालक समितिको निर्णय।

(ङ) लगानीकर्ताको विवरणः

१. नियमावली बमोजिम योग्य विदेशी लगानीकर्ता पुष्टि हुने दर्ता प्रमाणपत्र/परिचय पत्र।

२. वास्तविक धनि (Ultimate Beneficial Owner) सम्बन्धी स्व-घोषणा पत्र।

निवेदकको तर्फबाट आधिकारिक व्यक्तिको:

दस्तखतः .....

नामः .....

पदः .....

अनुसूची-१४

(नियम ३१ को उपनियम (५) सँग सम्बन्धित)

विदेशी लगानी लेखाङ्कनको प्रमाणपत्र

मितिः

श्री .....

.....

विषयः विदेशी लगानी लेखाङ्कन प्रमाणपत्र जारी गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा त्यस कोष व्यवस्थापकद्वारा व्यवस्थापन गरिएको [कोषको नाम] (दर्ता नंः [बोर्ड दर्ता नं.]) मा विदेशी लगानीकर्ताबाट प्राप्त विदेशी लगानी लेखाङ्कनका लागि मिति [निवेदन मिति] मा पेश भएको निवेदन तथा संलग्न कागजातहरूको आधारमा नियमावलीको नियम ३१ को उपनियम (५) बमोजिम देहायका विवरण अनुसारको विदेशी लगानी बोर्डमा लेखाङ्कन गरिएको व्यहोरा प्रमाणित गरी यो प्रमाणपत्र जारी गरिएको छ।

लेखाङ्कन गरिएको विदेशी लगानीको विवरणः

क्र.सं.	**विवरण**	**विवरण खुलाउने / तथ्याङ्क**
१	कोषको नाम	
२	कोष व्यवस्थापकको नाम	
३	विदेशी लगानीकर्ताको नाम	
४	विदेशी लगानीकर्ताको मुलुक	
५	प्राप्त कुल लगानी रकम	
६	स्वामित्व / इकाई विवरण	
७	बैंकिङ माध्यमबाट भित्रिएको मिति	
८	लेखाङ्कन/अभिलेख मिति	

प्रमाणित जारी गर्ने अधिकारीः

नामः

पदः

मितिः

हस्ताक्षरः

अनुसूची-१५

(नियम ३४ को उपनियम (१) सँग सम्बन्धित)

विदेशी लगानी वा मुनाफा रकम फिर्ता लैजाने स्वीकृतिका लागि दिइने निवेदनको ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड, मितिः

.....।

विषयः <u>विदेशी लगानी/मुनाफा रकम फिर्ता लैजाने सिफारिस प्रदान गरिपाउँ</u>।

महोदय,

यस [कोष व्यवस्थापकको नाम] द्वारा व्यवस्थापन गरिएको [कोषको नाम] (दर्ता नंः [बोर्ड दर्ता नं.]) मा विदेशी लगानीकर्ता [विदेशी लगानीकर्ताको नाम] ले गरेको लगानीको इकाई बिक्री/फिर्ता बापतको रकम/अर्जित मुनाफा (लाभांश) फिर्ता लैजाने निर्णय गर्नुभएकोले वैकल्पिक लगानी कोष नियमावली, २०७५ को नियम ३४ को उपनियम (१) बमोजिम देहायका विवरण तथा संलग्न कागजातहरू सहित स्वीकृतिका लागि यो निवेदन पेश गरेका छौं।

१. फिर्ता लैजान खोजिएको रकमको विवरणः

(क) कोषको नाम र दर्ता नम्बरः

(ख) विदेशी लगानीकर्ताको नाम र ठेगानाः

(ग) लगानीकर्ताको देशः

(घ) बोर्डबाट जारी विदेशी लगानी लेखाङ्कन प्रमाण पत्र नं. र मितिः

(ङ) फिर्ता लैजान खोजिएको रकमको प्रकार (इकाई बिक्री/Redemption वा लाभांश/मुनाफा)ः

(च) फिर्ता लैजाने कुल रकम (विदेशी मुद्रा र equivalent ने.रू. मा)ः

२. संलग्न कागजातहरूः

(क) रकम फिर्ता लैजान सहजीकरण गर्ने सम्बन्धी कोष व्यवस्थापकको सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि।

(ख) प्रचलित कानुन बमोजिम लाग्ने कर दाखिला भएको कर चुक्ता प्रमाणपत्र वा भौचरको प्रतिलिपि।

(ग) बोर्डबाट प्राप्त विदेशी लगानी लेखाङ्कन प्रमाणपत्रको प्रतिलिपि।

निवेदकको तर्फबाट आधिकारिक व्यक्तिको

दस्तखतः .....

नामः .....

पदः .....

अनुसूची-१६

(नियम ३२ को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धित)

कोष व्यवस्थापकको संचालक/कार्यकारी प्रमुखको विवरण

1. नामः
2. स्थायी ठेगानाः.....प्रदेश.....जिल्ला.....गा.पा/न.पा.....टोल.....वडा नं..... फोन नं..... फ्याक्स नं.....इमेल.....
3. हालको ठेगानाः .....प्रदेश.....जिल्ला.....गा.पा/न.पा.....टोल.....वडा नं. फोन नं..... फ्याक्स नं.....इमेल.....
4. बाबु/आमाको नामः
5. बाजे/बजैको नामः
6. पति/पत्निको नामः
7. शैक्षिक योग्यताः
8. व्यवासायिक अनुभव
9. तालिमः
10. कुनै पेशा वा संस्थामा कार्यरत भएमा सो सम्बन्धी विवरणः
11. अन्य कम्पनी वा कोष व्यवस्थापकमा एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व वा कुनै संलग्नता भए तत्सम्बन्धी विवरणः
12. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा कोष व्यवस्थापक उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरणः
13. संचालककार्यकारी प्रमुख हुन निर्धारित योग्यता पूरा भएको र अयोग्यता नरहेको उद्घोषण

दस्तखतः.....

संलग्न गर्नु पर्ने कागजातः

१. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो प्रमाणित गर्ने कागजातको प्रतिलिपि,

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

३. गैरआवासीय नेपाली संचालक भएमा संचालकको गैरआवासीय नेपालीको परिचयपत्र ।

***